# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


राष्ट्रिय मानव अधिकार आयोग नेपाल

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ जेठ १८ गते

**स्थानीय निर्वाचन, २०७४**

## जनमतको कदर गर

चितवनको भरतपुर महानगरपालिकाको मतगणनाको क्रममा २०७४ जेठ १४ गते मतपत्र च्यातिएपछि मतगणना स्थगित भई उत्पन्न परिस्थितिप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ । आयोगले यस सम्वन्धमा तत्कालै अनुगमन टोली खटाई प्रतिवेदन प्राप्त गरेको छ ।

मतदाताको रोजेको उम्मेदवार वा दललाई मत दिन पाउने अधिकार र उम्मेदवारको बढी मत ल्याई निर्वाचित हुन पाउने अधिकारको सम्बन्धित सबै पक्षबाट सम्मान हुनु पर्दछ । निर्वाचनमा सहभागी भई मतदान र मतगणनाको विश्वसनीय ढंगले अगाडी बढाउनु पर्दछ । 'मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८', 'नागरिक तथा राजनीतिक अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६', 'निर्वाचन आचारसंहिता' २०७३ तथा नेपालको प्रचलित संविधानको मर्म र भावना अनुकूल स्वच्छ र निष्पक्षताका साथ निर्वाचन प्रक्रिया सम्पन्न हुन दिनु सबै राजनीतिक दल, उम्मेदवार, निजका प्रतिनिधिहरू समेतको कर्तव्य हो ।

आयोगले उक्त घटनाको सम्वन्धमा अनुगमन गरी प्राप्त तथ्यको आधारमा यी र यस्ता घटनाहरूको पुनरावृत्ति हुन नदिने तर्फ आवश्यक सतर्कता अपनाउन जरूरी देखी निर्वाचन आयोगलाई आजै एक जानकारी पत्र पठाएको छ ।

अतः भविष्यमा घट्न सक्ने यस्ता घटनाप्रति सचेत रहन आयोग सम्वन्धित सबै पक्षको ध्यानाकर्षण गराउँदछ । साथै, घटनाको सत्य तथ्य छानवीन गरी घटनामा संलग्न दोषीलाई प्रचलित कानून बमोजिम कारवाही गर्न समेत आयोग आग्रह गर्दछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org